# मिति २०७७/४/११ देखि सूचारु गर्न बाँकी रहेका सेवा प्रदान गर्ने सम्बन्धी महोत्तरी जिल्ला अदालतको सूचनाः

नेपाल सरकार (मन्त्रिपरिषद्) बाट भएको मिति २०७७/४/५ गतेको निर्णयानुसार मिति २०७६/१२/११ देखि लागू रहेको बन्दाबन्दी (लकडाउन) मिति २०७७/४/६ गते मध्यरात देखि अन्त्य भएको सन्दर्भमा सर्वोच्च अदालतको वृहत पूर्ण इजलासबाट मिति २०७७/२/१५ मा भएको आदेश बमोजिम अदालतबाट प्रवाह हुने सेवा नियमित रुपमा सूचारु गर्ने सम्बन्धमा मिति २०७७/४/८ गते यस अदालतका जिल्ला न्यायाधीश श्री विष्णु सुवेदीको अध्यक्षतामा जिल्ला न्यायाधीश, कानून व्यवसायी, अदालतका कर्मचारीहरु र सम्बन्धित सरोकारवालाहरुको वैठक वसी छलफल हुँदा मिति २०७७/४/११ देखि अदालतका सूचारु हुन बाँकी रहेका सेवाहरु निम्नानुसारको सुरक्षा उपाय अवलम्बन गरी सुचारु गर्ने गरी निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छः-

१. यस जिल्ला भित्रका सेवाग्राहीको हकमा सार्वजनिक यातायात सञ्चालन भएको मिति २०७७/४/८ देखि बाटाको म्याद बाहेक ३० दिन भित्र अदालतमा उपस्थित भई हदम्याद, म्याद र तारिख सम्बन्धी सेवा लिनु हुन।
२. अन्य जिल्लाका सेवाग्राहीको हकमा सार्वजनिक यातायात सञ्चालन हुने भनी नेपाल सरकारले तोकेको मिति २०७७/५/१ देखि बाटाको म्याद बाहेक ३० दिन भित्र हदम्याद र म्याद र तारिख सम्बन्धी सेवा लिनु हुन।
३. प्रकरण (१) को प्रयोजनको लागि देहाय बमोजिमको व्यवस्था गरिएकोले सोही बमोजिम सेवा लिनु हुनः-

- मिति २०७७/४/११ देखि दैनिक रुपमा मुद्दा शाखाको हरेक फाँट तथा तहसिल फाँटका ४०/४० जना व्यक्तिहरुको म्याद तारेख थाम्ने व्यवस्था मिलाउने,
- सो प्रयोजनका लागि टोकन प्रणाली लागू गरी पहिला आउने व्यक्तिलाई पहिलो सेवा प्रदान गर्ने प्रणाली (First Come First Serve) अनुसार सेवा प्रदान गर्ने,

- टोकन वितरणका लागि अदालत प्रशासनले १ जना कर्मचारीलाई खटाउने,
- टोकन प्राप्त गरेका सेवाग्राहीलाई सेवा प्रदान गर्ने समय तोकि सो समय सम्म प्रतिक्षामा रहन अनुरोध गर्ने,
- टोकन प्राप्त सेवाग्राहीलाई गेटमा वस्ने सुरक्षाकर्मीले तारेख पर्चा वा मुद्दाको निस्सा हेरी १/१ जनाका दरले अदालत कम्पाउन्ड भित्र प्रवेश गर्ने व्यवस्था मिलाउने,
- टोकन प्राप्त सेवाग्राहीलाई अदालत भवनको कम्पाउन्डमा प्रवेश गर्दा साथ थर्मल गनद्वारा ज्वरो नाप्ने तथा सेनिटाइजरको प्रयोग र साबुन पानीले हात धुन लगाउने,
- सम्बन्धित सरोकारवाला सेवाग्राही, कानून व्यवसायी र अदालतका कर्मचारीहरु वाहेक अन्य व्यक्तिहरुलाई अदालत भवन प्रवेशमा रोक लगाउने,
- २०७७/४/११ देखि टोकन प्रणाली अनुसार नै दैनिक रुपमा १० वटा फिराद लिने, प्रतिउत्तर पत्र र अन्य निवेदनहरु लिने र प्रकृयागत रुपमा मुद्दाको सुनुवाई गर्ने आवश्यक व्यवस्थापन गर्दै जाने,
- कर्मचारीहरुका लागि सम्बन्धित फाँटमा र सेवाग्राहीहरुका लागि प्रत्येक फाँटका काउन्टरमा सेनिटाइजर राख्नुका साथै आवश्यकता अनुसार साबुन पानीले हात धुने गरी अदालत प्रशासनले आवश्यक व्यवस्थापन गर्ने,
- शौचालय तथा अदालतको कम्पाउन्ड तथा कार्यकक्षहरु सरसफाई गरी डिसेनिटाइजेसन सम्बन्धी आवश्यक व्यवस्था अदालत प्रशासनले गर्ने,
- अदालत प्रवेश नियमन, थर्मल गनद्वारा ज्वरो मापन, टोकन वितरण, टोकन अनुसार पालो पुकार गर्ने, प्रतिक्षालयमा सेवाग्राही प्रतिक्षा गर्न वस्ने प्रबन्ध तथा फाँटमा जान सहजिकरण गर्ने समेतको कार्यको लागि अदालत प्रशासनले सुरक्षाकर्मी र कर्मचारी खटाई जिम्मेवारी वहन गराउने,
- उपरोक्तानुसार तोकिएको जिम्मेवारी अनुसार कार्य एवं सेवा प्रदान भए नभएको अनुगमन गरी प्रतिवेदन (Reporting) गर्न १ जना छुट्टै कर्मचारी तोक्ने,
- लेखापढी कानून व्यवसायीद्वारा पक्षको तर्फबाट वारेस रहेका मुद्दाहरुमा सहजीकरण गर्नका लागी अदालतका श्रेस्तेदार र लेखापढी कानून व्यवसायीहरु बीच छलफल गर्ने,

- उपरोक्त छलफल पश्चात निजहरुसँग सम्पर्क र समन्वयको व्यवस्था मिलाई आवश्यकता अनुसार विहान र वेलुका एवं विदाको दिनमा समेत सम्बन्धित फाँटबाट मुद्दाको तारेख दिने लगायतका सेवा प्रदान गर्ने,
- उपरोक्तानुसारको काममा सम्पुर्ण कानून व्यवसायीहरु र अन्य सरोकारवालाहरुको आवश्यकता अनुसार  सहयोग र समन्वयको समुचित व्यवस्था मिलाउने,
- कुनै पनि कर्मचारी, कानून व्यवसायी, सेवाग्राही, सुरक्षाकर्मी र सरोकारवाला व्यक्तिले अदालत प्रवेश गरे देखि निरन्तर रुपमा अनिवार्य रुपमा मास्क लगाउनुपर्ने र मास्क लगाउन इन्कार गर्ने व्यक्तिलाई अदालत प्रवेश गर्न निषेध गर्ने,
- अदालतमा प्रवेश गर्ने सबै व्यक्तिहरुले घटीमा २ मिटरको भौतिक दुरी कायम गर्ने तर्फ सचेत रहनुपर्ने,
- कानून व्यवसायी लगायत सेवाग्राहीहरुले काउन्टर बाटै सेवा लिने र फाँट भित्र प्रवेश नगर्ने नगराउने तर्फ आवश्यक व्यवस्था मिलाउने,
- सेवा लिई सकेका सेवाग्राहीलाई तत्कालै अदालत परिसरबाट बाहिर जाने व्यवस्था मिलाउने,
- माथि उल्लेख भए अनुसार सेवा प्रवाह र सुरक्षा उपाय अवलम्बन सम्बन्धी जानकारी जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय,जिल्ला सरकारी कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय, महोत्तरी जिल्ला अदालत बार एसोसिएशन तथा जिल्ला स्थित सम्पुर्ण स्थानीय तहमा पठाई सूचना टाँस गर्न अनुरोधका साथै सेवाग्राहीहरुलाई उक्त जानकारी सम्प्रेषण गर्नका लागी अनुरोध गर्ने। -